# मण्डनदेउपुर नगरपालिका
## MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**

महादेवस्थान

**Mahadevsthan**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


प.सं.:२०८१/८२ मितिः २०८१।०९।०९

च. नं. ने.सः ११४५ थिंलागा नवमी २४

### <u>तह वृद्धि सम्बन्धी सूचना ।</u>

बागमती प्रदेश सरकारको "स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० को उपदफा (१) र सोही ऐनको दफा ९ को उपदफा (२) बमोजिम स्थानीय सेवाको कर्मचारीहरुको तह वृद्धि गर्ने कानूनी व्यवस्था वमोजिम यस नगरपालिकाको कार्यालयमा नियुक्ति तथा सरुवा भई कार्यरत रहेका र ऐन अनुसार आवश्यक न्यूनतम योग्यता पुगेका कर्मचारीहरुले तह वृद्धि गर्ने प्रयोजनको लागि तपशिल बमोजिमका कागजात सहित मिति २०८१ पौष मसान्त भित्र कार्यालयको प्रशासन शाखामा तह वृद्धिको लागि आवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

१. रितपुर्वक तहवृद्धि पाउँ भन्ने आवेदन।
२. सुरु नियुक्ति पत्रको प्रतिलिपि।
३. सरुवा तथा रमानाको प्रतिलिपि (सरुवा भई आएका कर्मचारीहरुको लागि)।
४. समायोजन पत्र (कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको लागि)।
५. बढुवा/तहमिलान/तहवृद्धि भएको भए सो सम्बन्धी पत्रको प्रतिलिपि ।
६. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
७. पछिल्लो पाँच आर्थिक वर्षको कार्यसम्पादन मुल्याङ्कन फाराम ।

.....................

सुरज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत